Nepali | नेपाली

पैसाको पासोमा नपर्नुहोस्।



CRIME STOPPERS .com.au 1800 333 000

Australian Government

सजिलै पैसा कमाउने उपाय पासो बन्न सक्छ

अपराधीहरूले उनीहरूको बैंक खाता मार्फत रकम आदानप्रदान वा स्थानान्तरण गर्न/गराउन झूटो जागिर, टेक्स्ट म्यासेज र सामाजिक सञ्जाल प्रयोग गरेर मानिसहरूलाई रोजगारी दिन सक्छन्। सजिलै पैसा कमाउने उपायले तपाईंको पैसा, पहिचान र भविष्यलाई जोखिममा पार्न सक्छ।

अझै तपाईं अन्तर्राष्ट्रिय विद्यार्थी हुनुहुन्छ भने, यसका परिणामहरू निकै गम्भीर हुन सक्छन्। फौजदारी अभियोग र आर्थिक क्षतिका साथसाथै, तपाईंको बैंक खाताहरू रोक्का हुने, पहिचान चोरी हुने, भिसा रद्द हुने वा अस्वीकृत हुने, र अष्ट्रेलियामा अध्ययन, काम वा बसोबास गर्ने तपाईंको क्षमतामा दीर्घकालीन असर पर्न सक्छ।

के तपाईंलाई थाहा छ?

- २०२३-२४ मा अष्ट्रेलियाका प्रमुख बैंकहरूले बैंक खाताहरू भाडामा लगाएर वित्तीय अपराध गर्ने लगभग १३,००० शंकास्पद बैंक खाताहरू बन्द गरेका थिए।
- अपराधीहरूले अष्ट्रेलियामा झूटो रोजगारीको प्रस्ताव र सजिलै पैसा कमाउने उपायहरू देखाएर मानिसहरूलाई प्रलोभनमा पारीरहेका हुन्छन्।

सावधानीका संकेतहरू थाहा पाउनुहोस्

यस्ता प्रस्ताव आएमा सावधान रहनुहोस्:

- ✗ सजिलै पैसा कमाउने उपाय
- ✗ थोरै कामको लागि धेरै पैसा
- ✗ अनुभव आवश्यक नपर्ने र कामको समय मिलाइदिने
- ✗ तुरुन्तै पैसा दिने
- ✗ पत्याउन नसकिने कामको अवसर

यदि कसैले तपाईंलाई निम्न कुरा गर्न लगाएमा सावधान रहनुहोस्:

- ✗ तपाईंको बैंक खातामा पैसा राख्न
- ✗ अन्य व्यक्तिलाई पैसा पठाइदिन
- ✗ अरू कसैको प्रयोगको लागि बैंक खाता खोल्न
- ✗ आफ्नो बैंकिङ विवरण पठाउन
- ✗ आफ्नो अनलाइन बैंकिङ विवरण पठाउन
- ✗ पहिचान खुल्ने कागजातहरू पठाउन

सावधानीका संकेतहरू

यदि कसैले तपाईंको बैंक खाता प्रयोग गरेर रकम आदानप्रदान वा स्थानान्तरण गर्न/गराउन चाहन्छन् भने, **रोकिनुहोस्** र **सोच्नुहोस्**।

अपराधीहरूले मानिसहरूलाई कसरी निशाना बनाउँछन्

अपराधीहरूले प्रायः निम्न माध्यमबाट मानिसहरूलाई सम्पर्क गर्छन्:

- सामाजिक सञ्जाल
- सन्देश पठाउने एपहरू
- रोजगारीका वेबसाइटहरू
- अनलाइन मार्केटिङ
- सामुदायिक समूहहरू
- विद्यार्थी सञ्जालहरू
- साथीभाई वा परिचित व्यक्तिहरू

उनीहरू प्रायः निम्न कुराहरूको वाचा गर्छन्:

- सजिलै पैसा कमाउन सकिने
- कामको समय मिलाइदिने
- तुरुन्तै पैसा दिने
- अनुभव आवश्यक नपर्ने

आफूलाई सुरक्षित राख्नुहोस्

तपाईंले गर्न नहुने कुराहरू:

X आफ्नो बैंक खाता विवरण साझा नगर्नुहोस्

X अनलाइन बैंकिङ विवरण साझा नगर्नुहोस्

X अरू कसैलाई तपाईंको बैंक खाता प्रयोग गर्न नदिनुहोस्

X तपाईंले नचिनेका मानिसहरूलाई पैसा नपठाउनुहोस्

X कसले मागिरहेको छ भन्ने थाहा नपाई पहिचान खुल्ने कागजातहरू साझा नगर्नुहोस्

तपाईंले गर्नुपर्ने कुराहरू:

✓ जागिरको प्रस्ताव ध्यानपूर्वक जाँच गर्नुहोस्

✓ रोजगारदाताहरू बारे स्वतन्त्र रूपमा अनुसन्धान गर्नुहोस्

✓ अवसरहरू स्वीकार गर्नु अघि सही हो की होइन पुष्टी गर्नुहोस्

✓ केही कुरा ठीक लागेन भने प्रश्न सोध्नुहोस्

✓ आफ्नो बुद्धि विवेकमा विश्वास गर्नुहोस्

पहिले नै यस्ता जानकारी कसैलाई दिनुभएको छ?

यदि तपाईंले निम्न कार्यहरू गर्नुभएको छ भने तुरुन्तै कदम चाल्नुहोस्:

- आफ्नो बैंक खाता विवरणहरू कसैलाई दिनुभएको छ
- आफ्नो पहिचान खुल्ने कागजातहरू कसैलाई दिनुभएको छ
- अपरिचित व्यक्तिबाट पैसा लिनुभएको छ
- अन्य व्यक्तिको तर्फबाट पैसा पठाउनुभएको छ

अब के गर्ने:

१. आफ्नो बैंकलाई सम्पर्क गर्नुहोस्

२. सम्बन्धित व्यक्तिसँग कुराकानी गर्न बन्द गर्नुहोस्

३. आफ्नो पासवर्ड परिवर्तन गर्नुहोस् र खाताको सुरक्षा पुनरावलोकन गर्नुहोस्

४. पहिचान चोरीका संकेतहरूको निगरानी गर्नुहोस्

५. सहायता खोज्नुहोस्

सहायता चाहिन्छ?

स्क्यामवाच (SCAMWATCH)

जालसाजी रिपोर्टिङ र पुनर्प्राप्ति बारे जानकारीको लागि
www.scamwatch.gov.au

IDCARE

पहिचान चोरी र जालसाजीबाट प्रभावित व्यक्तिहरूको लागि नि:शुल्क सहायता
www.idcare.org

सबैलाई सुरक्षित राख्न मद्दत गर्नुहोस्

यदि कसैले रकम आदानप्रदान वा स्थानान्तरण गर्न/गराउन मानिसहरूलाई काममा राखेका छन्, शंकास्पद अवसरहरूको विज्ञापन गरिरहेका छन्, वा अरूलाई उनीहरूको बैंक खाता प्रयोग गर्न लगाईरहेका छन् भने, तपाईंले क्राइम स्टपर्स (Crime Stoppers) लाई अज्ञात रूपमा जानकारी उपलब्ध गराउन सक्नुहुन्छ।

प्रमाण चाहिँदैन।

अज्ञात रूपमा रिपोर्ट गर्नुहोस्

1800 333 000 | www.crimestoppers.com.au

थप जानकारीको लागि स्क्यान गर्नुहोस्